हिमालय टाइम्स
www.ehimalayatimes.com

अर्थ

जि.प्र.का.द.नं. १४२-०५१/५२, म.क्षे.हु.नि.द.नं. ०२/०७५/७६
२०८१ माघ ९ बुधबार
Wednesday 22 January 2025

# ‘सुनचाँदी व्यवसायको प्रवर्द्धन र जोखिम व्यवस्थापनका लागि महासंघ र प्रभु इन्सुरेन्सबीच समझदारी पत्रमा हस्ताक्षर’

**काठमाडौं ।** नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र प्रभु इन्सुरेन्स कम्पनी लिमिटेडबीच सुनचाँदी व्यवसायको प्रवर्द्धन र व्यवसायीहरूलाई आपत्कालीन जोखिमबाट सुरक्षा प्रदान गर्ने उद्देश्यले एक महत्त्वपूर्ण समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

यस समझदारी पत्रले सुनचाँदी व्यवसायीहरूको आर्थिक सुरक्षामा सुदृढता ल्याउने र सम्भावित जोखिम व्यवस्थापनका लागि ठोस कदम चाल्ने दिशामा दुवै संस्थाबीच सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास गरिएको छ । समझदारीअनुसार प्रभु इन्सुरेन्सले सुनचाँदी व्यवसायीहरूका लागि विशेष बिमा योजना र सेवाहरू प्रदान गर्नेछ । यसले आगलागी, चोरी, प्राकृतिक प्रकोपलगायतका अनपेक्षित घटनाबाट हुने आर्थिक क्षतिलाई न्यून गर्न मद्दत पुऱ्याउनेछ । साथै, महासंघले व्यवसायीहरूबीच बिमाको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न र व्यवसायको दिगोपनालाई प्रवर्द्धन गर्न प्रभु इन्सुरेन्ससँग सहकार्य गर्नेछ ।

प्रभु इन्सुरेन्सका अध्यक्ष राजेन्द्र मल्ल, प्रमुख कार्यकारी अधिकृत सन्चित बज्राचार्य र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका किसान सुनारको समुपस्थितिमा भएको हस्ताक्षर समारोहमा नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघतर्फबाट महासचिव निरबहादुर विश्वकर्मा र महासंघका कार्यालय प्रमुख राम महर्जन साथै प्रभु इन्सुरेन्स कम्पनी लिमिटेडतर्फबाट बजार विभाग प्रमुख समिर तामाङ र वित्त विभाग प्रमुख अरविन्दकुमार कर्णले समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको छ ।



कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष किसान सुनारले भन्नुभयो, ‘यस समझदारीले सुनचाँदी व्यवसायीहरूको जोखिम व्यवस्थापनमा नयाँ सम्भावना खोल्नेछ । बिमाका माध्यमबाट व्यवसायीहरू थप सुरक्षित महसुस गर्नेछन् र व्यवसाय विस्तारमा आत्मविश्वासका साथ अघि बढ्नेछन् ।’ त्यस्तै, प्रभु इन्सुरेन्सका अध्यक्ष राजेन्द्र मल्लले भन्नुभयो, ‘हामीले विशेषरूपमा डिजाइन गरिएको बिमा सेवा प्रदान गरेर सुनचाँदी व्यवसायको दिगो विकासमा सहयोग गर्न पाउँदा गर्व महसुस गरेका छौं ।’

समझदारीको उद्देश्य सुनचाँदी क्षेत्रको आर्थिक विकासलाई गति दिनुका साथै जोखिम व्यवस्थापनलाई व्यवस्थित बनाउनु हो । यो पहलले व्यवसायीहरूमाझ बिमाको पहुँच वृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ । प्रभु इन्सुरेन्स र महासंघले भविष्यमा पनि थप सेवा तथा कार्यक्रमहरूमार्फत् व्यवसायीहरूको हितका लागि निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।


# Thaha Municipality

## Office of The Municipal Executive

### Indrayanichaur, Makawanpur

### Bagmati Province, Nepal

## Invitation for E-Bid

**Date of publication: 22-01-2025 (09-10-2081)**

1. **Thaha Municipality** invites electronic bids from eligible bidders for the below mentioned works under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

| Identification no: | Work Description | Total amount with out VAT | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/Bid Bond Validity Period | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| CEN/NCB/Goods-03/081/82 | Procurement and supply of medicines and surgical goods | 37,32,975.00 | 93500.00 | 3000 | 90 days / 120 days from last date of bid submission | 21/02/2025 until 12:00pm |

3. The employer has right to accept or reject the bid whatsoever.

**For other details please visit bolpatra.gov.np/egp**

**Chief Administrative Officer**


# चिकित्सकहरूका लागि ‘डक्टर्स पिएमएस’

**काठमाडौं ।** एलिट क्यापिटलले स्वास्थ्यकर्मीलाई सेयर बजारमा लगानी गर्न सघाउने उद्देश्यले ‘डक्टर्स पिएमएस’ सेवा सञ्चालनमा ल्याएको छ । नेपाल धितोपत्र बोर्डबाट इजाजतप्राप्त मर्चेन्ट बैंकर एलिट क्यापिटलले आफ्नो ‘लगानी व्यवस्थापन सेवा’अन्तर्गत यस्तो योजना ल्याएको हो । क्यापिटलका चिफ बिजनेस अफिसर ओमकारमणि आचार्यका अनुसार न्यूनतम पाँच लाख रुपैयाँ वा सो बराबरको सेयर भएपछि योजनामा सहभागी हुन सकिनेछ । जसमा वार्षिक सेवा शुल्क पूर्णरूपमा छुट गरिएको छ भने लगानीमा भएको मुनाफामा लगानीकर्तालाई ९० प्रतिशत र एलिट क्यापिटललाई १० प्रतिशत भागबण्डा हुने गरी बाँडफाँट गरिने कम्पनीले जनाएको छ । मुनाफा भएको रकम त्रैमासिकरूपमा चाहेको बेला झिक्न सकिनेछ । योजनामा सहभागी हुने स्वास्थ्यकर्मीका परिवारलाई नि:शुल्क डिम्याट खाता तथा मेरो सेयर सेवाको सुविधासमेत प्रदान गरिने कम्पनीले जनाएको छ । लगानी योजनामा सहभागी हुने लगानीकर्तालाई नि:शुल्क बिमा सुविधाका साथै सेयर बजारसम्बन्धी नि:शुल्क तालिम र अन्य परामर्श सेवासमेत प्रदान गरिने कम्पनीले जनाएको छ ।

# विपन्न विद्यार्थीलाई महालक्ष्मीको सहयोग

**काठमाडौं ।** महालक्ष्मी विकास बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण/सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य जस्ता विभिन्न क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम सञ्चालन गर्ने नीतिअनुरूप विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । सोहीअन्तर्गत बैंकको पालुङ शाखाद्वारा थाहा नगरपालिका-११, देउरालीस्थित कालिदेवी प्राथमिक विद्यालयमा अध्ययनरत ८३ विद्यार्थीमध्ये ५५ विपन्न विद्यार्थीका लागि ५५ थान पोलार ज्याकेट वितरण गरेको छ ।

साथै सर्वोदय परियोजना नामक गैरसरकारी संस्थासँगको समन्वयमा दृष्टिविहीन कलाकारको असाधारण प्रतिभा उजागर गर्दै समावेशिता, विविधता र सिर्जनशीलता प्रवर्द्धन गर्न आयोजित कार्यक्रम सञ्चालन गर्न बैंकले आर्थिक सहयोग गरेको छ । उक्त कार्यबाट अपांगता भएका व्यक्तिहरूको प्रतिभा प्रस्तुत गर्न तथा समाजमा आफ्नो उपस्थिति देखाउन सहयोग पुग्नुका साथै समावेशी समाज निर्माण गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

# १३ हजारमै बैंकक उडान

**काठमाडौं ।** थाई एयर एसियाले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट बैंकक उडानका लागि प्रचारप्रसार सुरु गरेको छ । कम्पनीले बुकिङ पिरियड राखेर आफ्नो वेबसाइट तथा सामाजिक सञ्जालमा सस्तो भाडादरमा टिकट बिक्रीका लागि राखेको हो । एकतर्फी भाडादर १२ हजार नौ सय ९० रुपैयाँ रहेको छ । उक्त भाडादरमा जनवरी २६ सम्म टिकट बुकिङ गर्न सकिनेछ भने फेब्रुअरी ३ देखि मार्च २९ सम्म यात्रा गर्न सक्नेछन् । गत कात्तिक १८ गतेदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान सुरु गरेकोमा भिजिबिलिटीका कारण गत मंसिर २ देखि नियमित उडान रोकेको थाईले फेब्रुअरीबाट नियमित उडान गर्ने भएको छ ।


Gandaki Province Government

## Ministry of Physical Infrastructure Development & Transport Management

### Infrastructure Development Directorate

## Infrastructure Development Office, Syangja

## Invitation for Bids

**Date of Publication: 2081-10-09 (2025 January 22)**

Infrastructure Development Office, Syangja invites **online bids** under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under Sealed Quotation and National Competitive Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT and PS) | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Chilaune Bhanjyang Akaladevi Hudai Ghurunkha Sammako Bato Nala Dhalan, Waling-12 | IDOSYANGJA/SQ/W/R/46/081/82 | 1,928,666.29 | 50,000.00 | |
| 2 | Hilepani Robdi Thati Sadak Sudhar, Waling-7, Syangja | IDOSYANGJA/SQ/W/R/47/081/82 | 1,447,578.78 | 38,000.00 | |
| 3 | Kusumbhanjyang Gairiswara Biruwa Bajar Hudai Tanahu Jodne Sadak Starounnati, Biruwa 7,6,1 Ra Tanahu, Syangja | IDOSYANGJA/SQ/W/R/48/081/82 | 1,930,942.18 | 50,000.00 | |
| 4 | Kola Chautarabata Majhgauko Bato 250 Mi. Kachchi Bato Staronnati (Dhalan Garne), Phedikhola-3, Karadi, Syangja | IDOSYANGJA/SQ/W/R/49/081/82 | 1,446,748.90 | 38,000.00 | |
| 5 | Serbazar Dekhi Subedi Tol Hudai Chhapalithok Jane Sadak Staronnati Phedikhola 4 Syangja | IDOSYANGJA/SQ/W/R/50/081/82 | 1,930,923.88 | 50,000.00 | |
| 6 | Sarketari Arukharka Hudai Panchase Jane Motorbatoma Culvert Nirman, Phedikhola 1 | IDOSYANGJA/SQ/W/R/51/081/82 | 1,928,468.08 | 50,000.00 | |
| 7 | Galyang Simle Gyanjyoti School Hudai Ramba Jodne Sadak, Galyang 3 | IDOSYANGJA/SQ/W/R/52/081/82 | 1,927,096.41 | 50,000.00 | |
| 8 | Naya Basti Tol Sadak Staronnati, Putalibazar 1 | IDOSYANGJA/SQ/W/R/54/081/82 | 1,929,430.07 | 50,000.00 | |
| 9 | Jyamire Chiruwa Bhaisigaude Araniko Ma.Vi. Sadak, Putalibazar Na.Pa. 2 | IDOSYANGJA/SQ/W/R/60/081/82 | 1,925,518.82 | 50,000.00 | |
| 10 | Aahal Dekhi Bharipani Hudai Gaurishankarchok Sadak Staronnati, Aandhikhola | IDOSYANGJA/SQ/W/R/61/081/82 | 1,930,518.41 | 50,000.00 | |
| 11 | Khaharekholadekhi Sirubari Panchamul Sadak, Aandhikhola Syangja | IDOSYANGJA/SQ/W/R/62/081/82 | 1,922,279.87 | 50,000.00 | |
| 12 | Angwang Beshi Ghoptekhola Culvert, Syangja Bhirkot | IDOSYANGJA/SQ/W/R/63/081/82 | 1,926,521.69 | 50,000.00 | |
| 13 | Masarka Mauriya Hudai Dulegauda Sadak, Putalibazar 7 Syangja | IDOSYANGJA/SQ/W/R/64/081/82 | 1,928,333.50 | 50,000.00 | |
| 14 | Jholunge Dekhi Akala Mandir Sadak Staronnati, Waling 12 & Faudikhola-Dahapokhari-Kokhe-Sadak; Waling-12 | IDOSYANGJA/NCB/W/R/78/081/82 | 4,824,569.80 | 125,000.00 | |
| 15 | Simalchaur Zero Dekhi Aamdanda Tisedi Jane Sadak Staronnati, Bhirkot-6 | IDOSYANGJA/NCB/W/R/79/081/82 | 2,894,558.70 | 75,000.00 | |
| 16 | Parikabari Kholakhet Samres Panchadham Motorbato Phedikhola 3 | IDOSYANGJA/NCB/W/R/80/081/82 | 2,896,840.27 | 75,000.00 | |
| 17 | Bastari Kharwang Panchasedham Motorbato Staronnati, Phedikhola 3, Bhatkhola Syangja | IDOSYANGJA/NCB/W/R/81/081/82 | 2,897,270.77 | 75,000.00 | |
| 18 | Phedikhola - Khadka Gau - Matikhan Sadak, Phedikhola 1 | IDOSYANGJA/NCB/W/R/82/081/82 | 2,414,276.84 | 63,000.00 | |
| 19 | Karwang Kholakhet Panchadham Motorbato Staronnati, Phedikhola 3 | IDOSYANGJA/NCB/W/R/83/081/82 | 2,893,607.12 | 75,000.00 | |
| 20 | Uniyachaur Putalikhet Sadak Staronnati Pu.Ba.Na.Pa. 4, Syangja & Putalikhet Uniyachaur Motorbato, Putalibazar-Aandhikhola | IDOSYANGJA/NCB/W/R/84/081/82 | 6,751,943.92 | 175,000.00 | |
| 21 | Putalikhet Aaruchaur Sadak | IDOSYANGJA/NCB/W/R/85/081/82 | 4,822,993.96 | 125,000.00 | |
| 22 | Dimik Chharti Ghat Aserdi Palpa Jodne Krishi Sadak, Galyang 11 | IDOSYANGJA/NCB/W/R/86/081/82 | 2,895,004.95 | 75,000.00 | |
| 23 | Lasargha-Kotakot Rudrabeni Sadak, Kaligandaki-2 | IDOSYANGJA/NCB/W/R/87/081/82 | 2,891,732.54 | 75,000.00 | |
| 24 | Bangsing- Panchase Sadak, Aandhikhola 4 & Rimalswara Kothi Shrawan Kumar Motorbato, Aandhikhola 4 Syangja | IDOSYANGJA/NCB/W/R/88/081/82 | 4,341,167.91 | 113,000.00 | |
| 25 | Thadokhet Dahre Gauda Sadak Staronnati, Arjnchaupari | IDOSYANGJA/NCB/W/R/89/081/82 | 2,897,087.94 | 75,000.00 | |
| 26 | Pauwaigaude Parsyang Bajpur Masarga Motorbato Putalibazar 7 Syangja | IDOSYANGJA/NCB/W/R/90/081/82 | 6,942,613.35 | 180,000.00 | |
| 27 | Badkhola Hatiya Pauwaigaude Taksar Sadak | IDOSYANGJA/NCB/W/R/91/081/82 | 9,651,885.04 | 250,000.00 | |
| 28 | Thadokhola-Rangdang Sadak, Putalibazar 1,2, Syangja | IDOSYANGJA/NCB/W/R/92/081/82 | 2,893,345.28 | 75,000.00 | |
| 29 | Helu Arjun Chaupari Sadak Syangja (Arjunchaupari Ga.Pa. Jodne) | IDOSYANGJA/NCB/W/R/93/081/82 | 4,827,858.62 | 125,000.00 | |
| 30 | Harinas Jungle Maduli Chautari, Balikot, Putaligaiha Deurali Hudai Kalawa Basandanda Sadak Harinas-5 | IDOSYANGJA/SQ/W/R/36/081/82 | 1,446,649.04 | 38,000.00 | Re-Bid |
| 31 | Simalbhanjyang-Kirako Khor- Upretthar-Thuladihi Sadak, Putalibazar 3 | IDOSYANGJA/SQ/W/R/38/081/82 | 1,920,835.47 | 50,000.00 | Re-Bid |
| 32 | Thuli Bhanjyang Aangwang Jimire Parbat Sadak, Bhirkot 9 | IDOSYANGJA/SQ/W/R/31/081/82 | 1,927,834.78 | 50,000.00 | Re-Bid |

Last Date of Bid Submission for Sealed Quotaion : **2081-10-25 (2025 February 07), 12:00 P.M.**

Last Date of Bid Submission for NCB : **2081-11-11 (2025 February 23), 12:00 P.M.**

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

**Office Chief**
**IDO Syangja**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल